# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

## वक्तृत्वकला र कविता प्रतियोगितामा सहभागिताको लागि आह्वान गरिएको सूचना

(प्रकाशित मिति : २०७६।०८।१५)

**अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना दिवस-२०७६ (२०७६ माघ २८) को उपलक्ष्यमा वक्तृत्वकला र कविता प्रतियोगिता आयोजना गरिएकोले कुनै एक विधामा सहभागिताको लागि आह्वान गरिएको छ।**

१. वक्तृत्वकला प्रतियोगिताका लागि "**भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन**" शीर्षकमा प्रस्तुति समय अधिकतम १५ (पन्ध्र) मिनेट हुनेछ।

२. कविता भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन सम्बन्धी विषयवस्तुमा बढीमा ३०० (तीनसय) शब्दसम्मको हुनु पर्नेछ।

३. वाचन गर्ने कविता वा वक्तृत्वकलामा प्रस्तुति दिने विषयवस्तुको ढाँचा नेपाली भाषामा तयार गरी लिखित प्रति वा सफ्टकपी आफ्नो सम्पर्क नम्बर समेत संलग्न गरी मिति २०७६ मङ्सिर २९ गतेभित्र आइपुग्ने गरी तोकिएको आयोगको कार्यालय वा ई-मेलमा पठाउनु पर्नेछ।

४. वक्तृत्वकलामा कक्षा ११ देखि विश्वविद्यालयस्तरसम्मका र कवितामा कक्षा ९ देखि विश्वविद्यालयस्तरसम्मका नियमित अध्ययनरत विद्यार्थीहरूले भागलिन सक्नेछन्। प्रतियोगितामा २५ (पच्चीस) वर्ष ननाघेका विद्यार्थीहरूले मात्र भागलिन पाउनेछन् र सहभागीले उमेर खुल्ने गरी नियमित विद्यार्थी रहेको व्यहोरा शैक्षिक संस्थाबाट प्रमाणित गराई पेस गर्नु पर्नेछ।

५. आयोगबाट विगतका ३ (तीन) वर्षमा आयोजना भएको कविता तथा वक्तृत्वकला प्रतियोगितामा भाग लिई प्रथम पुरस्कार प्राप्त गरिसकेकाहरू सोही विधामा पुनः भाग लिनसक्ने छैनन्।

६. प्राप्त हुन आएका कविता र वक्तृत्वकलाको ढाँचाको प्रारम्भिक छनोट गरी प्रथम चरणको प्रतियोगितामा सहभागी गराइने छ।

७. प्रथम चरणको प्रतियोगिता तोकिएको आयोगको कार्यालयमा मिति २०७६ पुस १३ गते हुनेछ। प्रथम चरणबाट छनोट भएका दुवै विधाका दुई/दुई जनालाई काठमाडौंमा हुने दोस्रो चरणको प्रतियोगितामा सहभागी हुन फोन वा मोबाइलबाट जानकारी गराइनेछ र निजहरूलाई काठमाडौंसम्म आउन जान लाग्ने बस भाडा र अन्य खर्च आयोगले निर्धारण गरेबमोजिम दिइनेछ।

८. **पुरस्कार राशि** : प्रथम रु. २५,०००।-, द्वितीय रु. १५,०००।-, तृतीय रु. १०,०००।- र सान्त्वना पुरस्कार २(दुई) जनाका लागि जनही रु.५,०००।- रहेको छ।

९. **रचनाको ढाँचा उपलब्ध गराउने आयोगको कार्यालय, ई-मेल ठेगाना र सम्पर्क व्यक्तिको विवरण :**

**क) काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, रसुवा र नुवाकोट जिल्लाका सहभागीको लागि- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं, ई-मेल: info@ciaa.gov.np, श्री सुशीला अधिकारी, ०१-५२६२००२ / ९८४१५७१६६८**

**ख) ताप्लेजुङ, पाँचथर, इलाम, संखुवासभा, तेह्रथुम, धनकुटा, भोजपुर, खोटाङ, सोलुखुम्बु, ओखलढुंगा, झापा, मोरङ, सुनसरी र सप्तरी जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय इटहरी, ई-मेल: itahari@ciaa.gov.np श्री गिरिराज भट्टराई, ०२५-५८६९७०/९८४९६३९५४४**

**ग) सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, सिन्धुली र उदयपुर जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय बर्दिबास, ई-मेल: ciaabardibas@gmail.com, श्री हरिप्रसाद घिमिरे, ०४४-५५०७५३ / ०४४-५५०७५४ / ९८४१३६४०४३**

**घ) बारा, पर्सा, चितवन, मकवानपुर र धादिङ जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय हेटौंडा, ई-मेल: ciaamro@gmail.com, श्री विकाश वि.क., ०५७-५२१६५५ / ०५७-५२३२७७ / ९८४५१५१७३३**

**ङ) गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी र बाग्लुङ जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय पोखरा, ई-मेल: ciaapkr@gmail.com, श्री देवेन्द्र पाण्डेय, ०६१-५२२७०१ / ९८५७६५०२५०**

**च) नवलपरासी (बर्दघाट सुस्ता पूर्व), नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रूकुम (पूर्वि भाग), रोल्पा, प्युठान, दाङ, बाँके र बर्दिया जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय बुटवल, ई-मेल: ciaabutwal@gmail.com, श्री सुरेश भुषाल, ०७१-५४००३१ / ०७१-५४०८३७ / ९८५७०६३१४६**

**छ) रूकुम (पश्चिम भाग), डोल्पा, जुम्ला, मुगु, हुम्ला, कालीकोट, जाजरकोट, दैलेख, सुर्खेत र सल्यान जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय सुर्खेत, ई-मेल: ciaasurkhet@gmail.com, श्री यज्ञेश्वर खत्री, ०८३-५२३१७८ र ९८५८०५००७६**

**ज) बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली जिल्लाका सहभागीको लागि- आयोगको कार्यालय कञ्चनपुर, ई-मेल: ciaa.kanchanpur@ciaa.gov.np, श्री महेश पाण्डे, ०९९-५२०३६८ र ०९९-५२४२६३ र ९८५१२२५१२९**

१०. **यो सूचना आयोगको वेबसाइट www.ciaa.gov.np मा पनि हेर्न सकिनेछ।**